annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ४९ पृष्ठ ८ | काठमाडौं, मंगलबार ४ असार २०८१ | जेष्ठ शुक्लपक्ष द्वादशी, नेपाल संवत् ११४४ | TUESDAY, JUNE 18, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# पहाडसम्मै अत्यधिक गर्मी

- राति सिरक ओढ्ने जिल्लाहरूमा पंखा चलाइँदै
- किसानका उखु र बेर्ना सुक्दै
- मुहान सुकेपछि तराई र पहाडमा पानीको हाहाकार
- अस्पतालमा बिरामीको चाप थेगी नसक्नु

दिनेश गौतम | काठमाडौं
शिवराज भट्ट | धनगढी
शंकरप्रसाद खनाल | नेपालगन्ज
सलमान खान | भैरहवा
बिस्नप्रसाद न्यौपाने | वीरेन्द्रनगर
– को रिपोर्ट

समाचार पृष्ठ २

चर्को घामबाट जोगिनका लागि रूखको चौतारामा आराम गरिरहेका सर्वसाधारण। ● सलमान खान

प्रमुख सहरहरूमा सोमबार मापन गरिएको अधिकतम तापक्रम

| जिल्ला | अधिकतम तापक्रम (डिग्री सेन्टिग्रेड) |
|---|---|
| दीपायल | ४१.८ |
| डडेलधुरा | ३२.८ |
| धनगढी | ४२.४ |
| वीरेन्द्रनगर | ४०.० |
| नेपालगञ्ज | ४२.६ |
| जुम्ला | ३१.६ |
| घोराही | ३८.२ |
| पोखरा | ३१.२ |
| भैरहवा | ३७.५ |
| सिमरा | ३४.८ |
| काठमाडौं | ३०.५ |
| ओखलढुंगा | २६.७ |
| ताप्लेजुङ | २२.५ |
| धनकुटा | २८.६ |
| विराटनगर | २९.३ |
| जोमसोम | २५.५ |
| धरान | २९.९ |
| लुम्ले | २५.२ |
| जनकपुर | ३४.२ |
| जिरी | २५.० |

## निषेधित क्षेत्र हटाउनुपर्छ

टसीनर्बु गुरुङ

इजलास

पर्यटन, खनिज, जैविक विविधितासँगै धार्मिक, सांस्कृतिक, ऐतिहासिक र पुरातात्विक सम्पदाले उपल्लो मुस्ताङ धनी छ। तिब्बती कलासंस्कृति, पृथक भूगोल, प्राचीन गुम्बा र गुफैगुफाहरूले उपल्लो मुस्ताङमा पर्यटकलाई नलोभ्याउने त कुरै भएन।

उपल्लो मुस्ताङलाई राज्यले फरक दृष्टिकोणले हेर्ने गरेको छ। यसमा हामी उपल्लो मुस्ताङवासी सधैं दुखित छौं। दुखित हुनुको मूल कारण उपल्लो मुस्ताङ निषेधित तथा नियन्त्रित क्षेत्रमा राखिनु हो। राज्यले अहिलेसम्म निषेधित तथा नियन्त्रित क्षेत्रबाट फुकुवा गर्नेतर्फ ध्यान दिएको पाइँदैन। अथाह सम्भावना भएर पनि यहाँका युवायुवती युरोप र अमेरिकालगायतका देशहरूमा पलायन हुन बाध्य छन्। गाउँमा सडकसँगै विकासका ढोका खुलेको छ।

वार्षिक ९० हजार विदेशी आउने मुस्ताङमा त्यसको ५ प्रतिशत पनि उपल्लो मुस्ताङमा आउँदैनन्। यसको मुख्य कारण हो सरकारले लिने चर्को पर्यटन रोयल्टी। उपल्लो मुस्ताङ घुम्न विदेशीले राज्यलाई ५ सय डलर बुझाउनुपर्छ। जुन सर्वसाधारण विदेशी पर्यटकका लागि निकै ठूलो आर्थिक व्ययभार हो।

यसैका कारण अधिकांश पर्यटक तल्लो मुस्ताङबाटै फर्किन्छन्। यो विषयमा बारम्बार सरकारको ध्यानाकर्षण गराइरहेका छौं। तर, सुनुवाइ भएको छैन। उपल्लो मुस्ताङबाट राज्यले जति राजस्व उठाइरहेको छ त्यसको केही हिस्सा यहाँको विकासमा खर्चनुपर्छ। गाउँपालिकाको सीमित बजेटले यहाँको सबै खाले विकास सम्भव हुँदैन।

पर्यटनमा तल्लो मुस्ताङले जति लाभ लिएको छ, उपल्लो मुस्तङले लिन सकेको छैन। सडकले आन्तरिक पर्यटकलाई डोहोऱ्याउँदै यहाँसम्म त ल्याएको छ, तर विदेशी पर्यटक चर्को रोयल्टीकै कारण माथि आउन सक्दैनन्।

हिउँदको जाडोमा घुम्ती व्यापार व्यवसायका लागि बेंसी झर्नुपर्ने यहाँको नागरिकको बाध्यता छ। उपल्लो मुस्ताङलाई सरकारले निषेधित क्षेत्रबाट हटाएर खुला गरिदियोस् भन्ने हामी सबैको चाहना छ।

*(गुरुङ लोमान्थाङ गाउँपालिका मुस्ताङका अध्यक्ष हुन्।)*

# बूढीगण्डकीमा पैसा छ, बजेट छैन

सुनिता कार्की | काठमाडौं

चालु आर्थिक वर्षका लागि बूढीगण्डकी आयोजनाको बजेट १ अर्ब छ। हालसम्म आयोजनाले ४० करोड रुपैयाँ पाएको छ। तर, कम्पनीका कर्मचारीले करिब १ वर्षदेखि तलब पाएका छैनन्। २०७९ भदौ १७ गते बूढीगण्डकी जलविद्युत् आयोजना कम्पनी लिमिटेड स्थापना भएको हो।

कम्पनीले २०८० असार २८ गतेबाट कारोबार सुरु गऱ्यो। पुँजीगत खर्चका लागि अख्तियारी पाएको कम्पनीसँग चालु खर्चका लागि भने रकम छैन। करिब १ वर्षदेखि कम्पनीका कर्मचारीले उधारोमा काम गरिरहेका छन्। चालु आर्थिक वर्षको वार्षिक बजेटमा आयोजनाका लागि चालु खर्च शीर्षकमा बजेटमा बजेट विनियोजन नगर्दा तलब नै वितरण गर्न नसकिएको हो। बजेटमा पुँजीगत खर्च शीर्षकमा मात्र रकम विनियोजन भएको कम्पनीका प्रमुख कार्यकारी अधिकृत जगत श्रेष्ठले जानकारी दिए। सरकारसँग पैसा नभएरभन्दा पनि बजेट विनियोजन छुटेर तलब खुवाउन नसकिएको उनले बताए। शीर्षक नै नभएकाले रकमान्तर गरेर पनि तलब खुवाउने अवस्था नभएको उनी बताउँछन्।

यसअघि बूढीगण्डकी आयोजना ऊर्जा मन्त्रालयअन्तर्गतको आयोजनाका रूपमा अघि बढिरहेको थियो। मन्त्रालयले आयोजना मुआब्जा वितरण एकाइमार्फत काम गराइरहेको थियो। ४५६ मेगावाटको माथिल्लो तामाकोशी आयोजना स्वदेशी लगानीमा बनेपछि बूढीगण्डकी पनि स्वदेशी लगानीमा बनाउन सरकार अघि बढ्यो। सरकारले कम्पनी स्थापना गर्दै एकाइ खारेज गऱ्यो। एकाइ खारेज भएपछि प्रशासनलगायत चालु खर्चको शीर्षक नै राख्न बिर्सिएको श्रेष्ठले जानकारी दिए। आगामी आर्थिक हिसाब मिलान गरेर चालु आर्थिक वर्षको कर्मचारी तलब तथा अन्य प्रशासनिक दायित्व चुक्ता गरिने प्रमुख कार्यकारी श्रेष्ठ बताउँछन्।

१२ सय मेगावाटको बूढीगण्डकी आयोजना गोरखा र धादिङ जिल्लामा आवस्थित छ। आयोजना निर्माणको क्रममा पर्ने जग्गा प्राप्ति र मुअब्जाको काम भइरहेको छ। चालु वर्ष गुनासो, छुटपुटको रकम वितरण गर्ने भनिएको थियो। यसका लागि करिब १० करोड रुपैयाँ चाहिन्छ। अर्को भनेको फिल्ड बुकमा भएका तर लालपुर्जामा नभएका जग्गाको झन्डै ६० करोड बाँकी छ। यो विवाद सजिलै समाधान नहुने र मन्त्रिपरिषद्ले नै निर्णय गर्नुपर्ने देखिएको श्रेष्ठले बताए।

वि.सं. २०३५ सालमा यो आयोजनाको पहिचान भएको थियो। स्नोई माउन्टेन इञ्जिनियरिङ कर्पोरेसनले बढीमा ३ सय मेगावाट क्षमतामा विद्युत् उत्पादन गर्ने सुझाव दिएको थियो। २०३९ सालदेखि २०४१ सालसम्म सम्भाव्यता अध्ययन गरियो। बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा २०६९ सालमा पाँचै विकास क्षेत्रमा जलाशयुक्त जलविद्युत् आयोजना बनाउने आयोजनाको अवधारणा विकास भयो। राजधानी र राजमार्गबाट नजिक पर्ने भन्दै १२०० मेगावाट क्षमताको बूढीगण्डकी जलाशययुक्त जलविद्युत् आयोजनालाई अघि बढाउने प्रक्रिया सुरु भयो। २०६९ को कात्तिक २ गते बूढीगण्डकी विकास समिति गठन भई यसको थप प्रक्रिया अघि बढ्यो।

» बाँकी पृष्ठ ६

## इजरायली प्रधानमन्त्रीद्वारा युद्ध मन्त्रिपरिषद् भंग

**तेल अभिव** (रासस/एपी): इजरायली प्रधानमन्त्री बेन्यामिन नेतान्याहुले गाजामा युद्धको नेतृत्व गर्ने जिम्मेबारी दिइएको प्रभावशाली युद्ध मन्त्रिपरिषद् लाई भंग गरेको अधिकारीहरूले सोमबार बताएका छन्। युद्ध मन्त्रिपरिषद्का एक प्रमुख सदस्यले प्रधानमन्त्रीको युद्ध व्यवस्थापन गर्ने तरिकालाई लिएर निराशा व्यक्त गर्दै सरकारको आलोचना गरेको केही दिनपछि यस्तो कदम चालिएको हो।

यसै महिनाको प्रारम्भमा मध्यमार्गी पूर्वसैन्य प्रमुख बेनी गेन्ट्जले युद्ध मन्त्रिपरिषद् सदस्यबाट राजीनामा दिएपछि यस्तो कदमको व्यापक अपेक्षा गरिएको थियो। सरकारबाट गेन्ट्जको अनुपस्थितिले नेतान्याहुलाई शासन गर्न आफ्ना अतिराष्ट्रवादी सहयोगीमाथि अधिक निर्भर बनाएको छ र युद्ध मन्त्रिपरिषद्को विघटनले गाजामा ८ महिना लामो युद्धका रूपमा भएको परिवर्तनलाई जोड दिएको छ।

# २ दिनदेखि राष्ट्रिय परिचयपत्रको लाइनमा ज्येष्ठ नागरिक

शिव उप्रेती | गोरखा

बारपाक सुलीकोट गाउँपालिका-३ स्वाँराका ७५ वर्षका सिद्धलाल गुरुङ आइतबार दिनभरि जिल्ला प्रशासन कार्यालयको राष्ट्रिय परिचयपत्र बनाउने फाँट अगाडि लाइनमा उभिए। ४ बजेतिर पालो आएपछि खुसी हुँदै उनले कागजपत्र बुझाए। तर, उनको खुसी धेरैबेर टिकेन। श्रीमतीको नागरिकता नल्याएको भनेर फाँटवालाले फर्काइदिए।

साँझ होटलमा बास पऱ्यो। घरमा टेलिफोन गरी उनले बिहानको गाडीमा नागरिकता मगाए। श्रीमतीको नागरिकता लिएर सोमबार १० बजे लाइन बस्न गएका उनले दिउँसो १ बजेसम्म पनि पालो पाएनन्। 'गाउँबाट आएको दुई दिन भइसक्यो, अझै काम भएको छैन। हैरान भएँ', उनी भन्छन्, 'अझै हिजोदेखि आएकाको पालो आएको छैन भन्छन्। बुढेसकालमा दुःख पाइयो।' वृद्धभत्ता लिन राष्ट्रिय परिचयपत्र अनिवार्य चाहिने व्यवस्थाले बुढेसकालमा दुःख पाएको उनले पीडा पोखे।

बारपाक सुलीकोट सौरपानीकी ७३ वर्षकी मनमाया गुरुङ राष्ट्रिय परिचयपत्रको लाइनमा बसेको सोमबार दोस्रो दिन हो। गर्मी र काम नबन्ने हो कि भन्ने पिर चिन्ताले पिल्सिँदै दिनभरि लाइनमा बसेकी उनी साँझपख निराश बन्दै फर्कनुपऱ्यो। 'हिजो दिनभरि लाइनमा बस्नु मात्रै भयो। साँझ परेपछि आज भ्याइँदैन, भोलि आउनु भनेर फर्काइहाल्यो', उनी भन्छिन्, 'आज नि यतिबेला भइसक्यो, पालो आउने छाँटकाँटै छैन। फेरि भोलि आउनु भन्ने हो कि भन्ने डर लागेको छ।'

राष्ट्रिय परिचयपत्र बनाउन जिल्ला प्रशासन कार्यालयमा ज्येष्ठ नागरिकको भीड। ● शिव उप्रेती

अजिरकोट गाउँपालिका-५ भच्चेककी ८० वर्षकी निरमाया तामाङ राष्ट्रिय परिचयपत्र बनाउन भनेर घरबाट बिहान ७ बजेको बसमा सदरमुकामका लागि हिँडिन्। उनी साढे ९ बजेतिर गोरखा बजार आइपुगिन्। निरमाया काम नबन्ने होकी भन्ने पिरले १० बजे नै जिल्ला प्रशासन कार्यालयको राष्ट्रिय परिचयपत्र बनाउने कोठाको झ्यालमा पुगिन्। उनी त्यहाँ पुग्दा आफ्नै उमेरका वृद्धवृद्धाको धेरै नै भीड भइसकेको थियो। उनी पनि त्यही लाइनमा उभिएर पालो कुर्न लागिन्।

सबा १२ बजेसम्म उनी लाइनमा नै थिइन्। थकाइ र गर्मीले हायलकायल भएपछि उनी लाइन छाडेर बेञ्चमा बस्न पुगिन्। ८० वर्षको उमेरमा राष्ट्रिय परिचयपत्र बनाउन सदरमुकाम धाउँदा धेरै नै सास्ती भएको उनको गुनासो थियो।

'खै कुन्नी के हो पत्र बनाउन पर्नि रे त नि बा! त्यहीँ बनाउन आको। त्यो नबनाइ पिन्सिन (वृद्धभत्ता) नपाइने भन्दा रै'छन्', उनी भन्छिन्, 'बूढाबूढी मान्छेलाई यस्तो दुःख मात्रै दिन्छन्। आउँदा त बसमै आको हो। अब यति बेलासम्म पनि काम नबनेर छोरा यता उता हिँडिरहेको छ। खै कति खेर पो काम बन्ला। अबेला भएर बस छुट् यो भने ट्याक्सी रिजप लिएर जानुपर्ने होला। दुःख पनि खर्च पनि।'

जिल्ला प्रशासन कार्यालयमा हिजोआज वृद्धवृद्धाको यस्तो कारुणिक दृश्य बग्रेल्ती देखिन्छ। सरकारले वृद्धभत्ता लिन राष्ट्रिय परिचयपत्र अनिवार्य गरेपछि ज्येष्ठ नागरिकहरू कोही बोकिएर, कोही सहयोगीले तातेताते गराउँदै, कोही ट्याक्सी रिजर्भ गरेर प्रशासन कार्यालय आइरहेका छन्। 'लु' लाग्ला जस्तो गर्मीमा उनीहरू तड्पिदै लाइनमा बसिरहेका देखिन्छन्।

तर, प्रशासन कार्यालयको भनाइ भने फरक छ। वृद्धभत्ता लिन राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएका जिल्लाहरूमा गोरखा नपर्ने प्रमुख जिल्ला अधिकारी भोला दाहाल बताउँछन्। 'यो कार्यक्रम नेपालका २८ वटा जिल्लामा मात्र लागू गरिएको छ, जसमा गोरखा पर्दैन', उनी भन्छन्, 'तर गलत सूचनाले गर्दा गोरखाका ज्येष्ठ नागरिकले पनि दुःख पाइरहनु भएको छ। मैले सबै पालिकाका प्रमुख प्रशासकीय अधिकृतहरूलाई पनि यस बारेमा जनचेतना फिँजाइदिन अनुरोध गरेको छु।' २८ वटा जिल्लाभित्र परेकै भए पनि हिँडडुल गर्न नसक्ने, रोगी, अपांगहरूलाई भत्ताका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य नगरिएको उनको भनाइ छ।